फ्याक्स :०८६-४४०१३३
फोन :०८६४४०११०

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
रोल्पा

प.सं.-०७७/०७८
च.नं. :-

मिति : २०७८।०२।०५

## रोल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी गरिएको आदेश

विश्व महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण हालका दिनहरुमा तिब्ररुपमा फैलिरहेको अवस्थालाई गम्भीरतापूर्वक लिदैं रोल्पा जिल्लामा हुन सक्ने संक्रमण फैलनबाट रोक्न (Chain Break) का लागि यस अघिका आदेशबाट मिति २०७८।०२।०५ गते बुधबार राति १२:०० बजे सम्मका लागि निषेधाज्ञा जारी गरिएकोमा मिति २०७८।०२।०३ गतेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को विस्तारित बैठकको निर्णय समेतका आधारमा मिति २०७८।०२।०५ गते बुधबार राति १२:०० बजेदेखि मिति २०७८।०२।२० गते बिहिबार राति १२:०० बजेसम्मका लागि रोल्ला जिल्ला भर निषेधाज्ञा लागु हुने गरी तपसिल बमोजिमको आदेश जारी गरिएको छ ।

तपसिलः-

१. सञ्चालन गर्न पाईने सेवा र कार्यहरुः-

- अत्यावश्यक सेवाहरु जस्तैः एम्बुलेन्स, ग्याँस, पेट्रोलियम पदार्थ, खानेपानी, औषधी तथा उपचारका सामाग्रीहरु, दुरसञ्चार, इन्टरनेट, क्वारेन्टाइन, आइसोलेशन, फोहोर मैला व्यवस्थापन, बैकको ए.टि.एम., डाँक सेवा, कुखुराको दाना, चल्ला र पशुपंछीजन्य पदार्थ (भेटनेरी सम्बन्धी), सार्वजनिक निर्माण सम्बन्धी कार्य ।
- खाद्यान्न, तरकारी, फलफूल, दुध र दुधजन्य पदार्थ, औषधी तथा उपचारका सामाग्री र खानेपानीका ढुवानी सेवाहरु र औद्योगिक कच्चा पदार्थ ढुवानी सेवाहरु ।
- नेपाल सरकारले तोकेका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्णरुपले पालना गर्ने गरी खाद्य सामाग्री, तरकारी, फलफूल, दुग्धजन्य पदार्थका पसलहरु दिनको १ (एक) पटक बिहान ६:०० बजे देखि ९:०० बजेसम्म मात्र साथै स्वास्थ्य सामाग्री, औषधी पसल २४ सै घण्टा खुला राख्ने ।

२. सवारी पास नलिकन चलाउन पाइने सवारी साधनहरुः-

- अत्यावश्यक सेवाहरु जस्तैः- एम्बुलेन्स, खानेपानी, विद्युत, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध तथा दुग्धजन्य पदार्थ र सोको प्याकिङ सामाग्री, कुखुराको दाना, चल्ला र पशुपंछीजन्य पदार्थ (भेटनेरी सम्बन्धी), इन्धन, खाना पकाउने ग्यास, दुरसंचार, इन्टरनेट, क्वारेन्टिन, आइसोलेशन, फोहोरमैला व्यवस्थापन, सरसफाईमा प्रगोग गरिने साबुन/स्यानिटाइजर, कुरियर तथा डाँक सेवा, प्रिन्ट लगायतका कार्यमा प्रयोग हुने ढुवानी तथा यातायातका सवारी साधनहरु।

प्रमुख जिल्ला अधिकारी

- स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधनहरु ।
- बैवाहिक कार्यक्रममा दुलाहा दुलही सवार सवारी समेत बढीमा १५ जना जन्ती मात्र बोकेको सवारी साधन (अनिवार्य व्यानर राखी बढीमा २ वटा गाडी मात्र) ।
- संचारकर्मी/ पत्रकारहरुको हकमा सूचना विभाग वा सम्बन्धित Media House ले जारी गरेको परिचय पत्रको आधारमा निजले प्रयोग गरेको सवारी साधनलाई आवत जावत गर्न दिने ।

३. सवारी पास लिएर संचालन गर्न सक्ने सेवा र कार्यहरुः-

- मृत्यु संस्कारका लागि जानु पर्ने वा फर्कनु पर्ने अवस्थामा सम्बन्धित वडाको सिफारिस, परिचय खुल्ने कागजातको प्रतिलिपी सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिको लागि इमेल मार्फत निवेदन पेश गर्ने र सवारी पासको आधारमा मात्र आवत जावत गर्न सहजीकरण गरिने ।
- परिवारका सदस्य वा आफन्त विरामी भई रोल्पा जिल्ला बाहिर जानु पर्ने अवस्थामा विरामीको रिपोर्ट तथा रिफरल कार्ड/भर्ना कार्ड, परिचय पत्र खुल्ने कागजातको प्रतिलिपी सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिको लागि इमेल मार्फत निवेदन पेश गर्ने र प्राप्त सवारी पासको आधारमा मात्र आवत जावत गर्न सहजीकरण गरिने ।
- सरकारी कार्यालय लगायत सार्वजनिक सेवा प्रदायक संस्थाका सवारी साधन जिल्ला बाहिर जाँदा अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनुपर्ने ।
- औद्योगिक कच्चा पदार्थ ओसार पसार गर्ने सवारी साधनहरुको हकमा सम्बन्धित उद्योग/निकायहरुको सिफारिसको आधारमा आवश्यकता र गाम्भिर्यता हेरी जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनु पर्ने
- सार्वजनिक निर्माणका लागि ढुवानी गर्ने साधनहरु संचालन गर्दा निर्माण कार्य गर्न लगाउने आयोजना/कार्यालय/निकायले जारी गरिएको अनुमति पत्रको आधारमा चालक र सहचालक रहने गरी संचालन गर्न दिने साथै निर्माण सामाग्रीको ढुवानी विहान ८:०० बजेदेखि बेलुका ५:०० वजेसम्म गर्न नपाइने ।
- अत्यावश्यक सेवा संचालन गर्ने सरकारी कार्यालय, सार्वजनिक सेवा प्रदायक संस्था एवं बैक तथा वित्तीय संस्थाका सवारी साधनको हकमा जिल्ला भित्र सम्बन्धित कार्यालयबाट जारी भएको सवारी पासको आधारमा मात्र आवत जावत गर्न सहजिकरण गरिने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

४. कार्यालय सञ्चालन सम्बन्धमाः-

- अत्यावश्यक सेवा संचालन गर्ने बाहेकका अन्य सम्पूर्ण सरकारी, अर्धसरकारी, गैर सरकारी संघ संस्थाका कार्यालयहरुले प्रदान गर्ने सार्वजनिक सेवा हाललाई स्थगित गर्ने र आन्तरिक कार्य मात्र गर्ने गराउने ।
- बैक तथा वित्तिय संस्थाहरुबाट प्रवाह हुने दैनिक सेवा शाखा प्रवन्धकले न्यूनतम कर्मचारीको उपस्थितिमा संचालन गर्ने ।वैङ्किङ सेवा प्रत्येक दिन विहान ११:०० बजेदेखि दिउसो १:०० बजेसम्म मात्र संचालन गर्ने ।

५. सार्वजनिक निर्माण कार्यका लागि खटिने जनशक्तिलाई निर्माण स्थलमा नै खाने बस्ने प्रबन्ध गर्नुका साथै स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण पालना गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिई काम गर्न सकिने छ ।

प्रमुख जिल्ला अधिकारी

६. जिल्ला भित्र तथा जिल्ला बाहिर चल्ने निजी तथा सार्वजनिक सवारी साधनहरु जस्तैः बस, ट्रक, टिप्पर, ट्रेक्टर, टेम्पो, मोटरसाईकल, लगायत सम्पूर्ण सवारी साधनहरु अनुमति वेगर संचालन गर्न नपाइने ।

७. यस जिल्ला भित्र अन्यत्र जिल्ला वा छिमेकी मुलुक भारत गई फर्कने व्यक्तिहरुले अनिवार्यरुपमा १० दिनसम्म स्थानीय तहले निर्माण गरेका क्वारेन्टाइन/होमक्वारेन्टाइनमा बस्नु पर्ने । क्वारेन्टाइन वा होमक्वारेन्टाइनमा बसेका व्यक्तिको अनुगमन सम्बन्धित स्थानीय तहको प्रमुखले गर्ने ।

८. **संक्रमण नियन्त्रणका लागि समुदाय तथा व्यक्तिले अनिवार्य रुपमा पालना गर्नु पर्ने कुराहरुः-**

- सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, पार्टी प्यालेस, दोहोरी, नाचघर, क्लव, मनोरञ्जन स्थल, सैलुन, ब्युटी पार्लर, हेल्थक्लव, कबर्ड हल, फुटसल, जिमखाना, दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य कुनै पनि प्रकारका कार्यक्रमहरु सञ्चालन नगर्ने ।
- स्कूल तथा शिक्षालयहरु भौतिक रुपमा उपस्थित भै संचालन गर्न नपाइने र अर्को सूचना नभए सम्मको लागि कुनै पनि परीक्षा संचालन नगर्ने तर Online Class संचालन गर्न कुनै बाधा पर्ने छैन ।
- दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने ।
- अनिवार्यरुपले मास्कको प्रयोग गर्ने । पटक पटक साबुन पानीले हात धुने र सेनिटाइजरको प्रयोग गर्ने ।
- मठमन्दिरहरुमा पुजारीले नित्य पुजा बाहेक अन्य सामुहिक पुजा तथा बलि बन्द गर्ने, कुनै मेला महोत्सव नगर्ने ।

९. निषेधाज्ञाको बर्खिलाप गरेको पाईएमा संक्रामक रोग ऐन २०२० को दफा २ र ३ तथा स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ बमोजिम दण्ड जरिवाना हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

........................ ०२।०५
नवराज सापकोटा
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी